दर्ता नं. २/१४५(१३१)०५६/०५७

पान नं. ३०१४५८०२१

"बचत गरौं, दुक्कले बाँचौं"

हेटौंडा

बचत तथा ऋण सहकारी संस्था लि.



२६ औं वार्षिक साधारण सभा

२६ पौष २०८२

मूख्य कार्यालय

हेटौंडा-७, नागस्वती

फोनः ०५७-५३०४३६/५३०५३६

सदस्य सेवा केन्द्र

१. कमाने, हेटौंडा-८, ०५७-४१३४३५ २. चिसापानी, हेटौंडा-१६, ०५७-५३०५३८

३. हेटौंडा बजार सदस्य सेवा केन्द्र, हेटौंडा-२, ०५७-५९१४३६

Website: www.hetaudasaving.com.np E-mail: cleanhetauda@gmail.com

सञ्चालक समितिका पदाधिकारीहरू



ईन्द्र बहादुर बस्नेत
(अध्यक्ष)
९८४५६६९८९९



विजय बहादुर बस्नेत
(उपाध्यक्ष)
९८४५३८८९६७



युवराज गौतम
(सचिव)
९८५५०६७१६३



पार्वती ढकाल
(कोषाध्यक्ष)
९८४५५०२५०८



रघु प्रसाद आचार्य
(स.स.सदस्य, ऋण उ. संयोजक)
९८४५१०५६७७



उर्मिला चौलागाई
(स.स.सदस्य, महिला उ. संयोजक)
९८४५३०३४४१



सिताराम प्रधान
(स.स.सदस्य)
९८५५०६८७४४



अम्बिका कार्की
(स.स.सदस्य)
९८४५१८८३०२



ध्रुव कृष्ण कुँवर
(स.स.सदस्य)
९८६०३५७०००



सरस्वती थापा
(स.स.सदस्य)
९८२४२४६११३

लेखा सुपरीवेक्षण समिति



तुलसा अधिकारी
(सदस्य)
९८४५१५९९९०



खडानन्द चौलागाई
(सदस्य)
९८५५०१८७६५

ऋण उपसमिति



रघु प्रसाद आचार्य
(संयोजक)
९८४५१०५६७७



नारायण प्रसाद अधिकारी
(सदस्य)
९८४५१२५५२०



श्यामकाजी भण्डारी
(सदस्य)
९८५५०४९४३४

शिक्षा उपसमिति



पार्वती ढकाल
(संयोजक)
९८४५५०२५०८



यशोधा गौतम
(सदस्य)
९८४५२३८२९७



ओम प्रसाद फुयाँल
(सदस्य)
९८४५१६८९८२

महिला उपसमिति



उर्मिला चौलागाई
(संयोजक)
९८४५३०३४४१



भावना रिजाल
(सदस्य)
९८५५०८६४२२



मौसमी तिमल्सिना
(सदस्य)
९८४११६८५३६



विजयता सापकोटा
(सदस्य)
९८६१३०३३८५



सुमित्रा पाण्डे चौलागाई
(सदस्य)
९८४५१०६८६०



सुष्मा देवकोटा
(सदस्य)
९८४५६०१६९२



सुन्दरी माया भ्लोन
(सदस्य)
९८४५७०१०६२



कमला खुलाल
(सदस्य)
९८४५३००८२३



इन्दिरा धमला क्षेत्री
(सदस्य)
९८६८८२८०३७

विषय सूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	वार्षिक साधारण सभा सम्बन्धी सूचना	१
२.	अध्यक्ष श्री इन्द्र बहादुर बस्नेतद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन	२-१०
३.	सचिव श्री युबराज गौतम द्वारा प्रस्तुत संस्था गत प्रतिवेदन	११-१४
४.	कोषाध्यक्ष श्री पार्वती ढकालद्वारा प्रस्तुत वार्षिक बजेट तथा योजना	१५-२८
५.	आर्थिक वर्ष २०८१-०८२ को लेखापरिक्षण प्रतिवेदन	२९-५४
६.	लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन	५५-५७
७.	ऋण उप-समितिको प्रतिवेदन	५८-५९
८.	महिला उप-समितिको प्रतिवेदन	६०
९.	कार्यालय कार्य तालिका	६१
१०.	२६ औं वार्षिक साधारण सभाको टिपोट	६२

"आयो, टप्प टिप्यो, लग्यो मिति पुग्यो, टाढेर टर्दैन त्यो
इन्द्रै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यौ"

हार्दिक श्रद्धाञ्जली



जन्म
२०४७-०५-२९

स्वर्गारोहणा
२०८१-१२-०१

युवा तथा खेलकुद उप-समिति सदस्य

स्व. मोहन चन्द्र चौलागाई

संस्था दर्ता मिति : २०५६/९/७

संस्था दर्ता नं. : २/१४५/(१३१)/२०५६/०५७

कार्यक्षेत्र : हेटौंडा उपमहानगरपालिका वडा नं. ३, १२, १३ र १९ वाहेक सबै वडाहरु

२०८२ आषाढ मसान्त सम्मको

सदस्य संख्या : ७१३८ जना

पुरुष : २८८१ जना

महिला : ४१९७ जना

संस्थागत : ६० जना

२६ औं वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सम्पूर्ण शेयर सदस्यहरुलाई साधारण सभामा उपस्थित हुन पत्राचार तथा SMS गरिनेछ । कुनै कारणवस पत्र तथा SMS प्राप्त नभएमा एफ एम रेडियो, पत्रपत्रिका, माईकिकङ तथा सामाजिक संजालबाट समेत जानकारी गराई उपस्थितिको लागि अनुरोध गरिनेछ ।

२. वार्षिक साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुको कार्यक्रम स्थलमा भएको हाजिरी रजिष्टरमा उपस्थिति जनाउनु हुन अनुरोध गरिन्छ ।

३. संस्थागत सदस्यहरुले साधारण सभामा उपस्थित हुन आधिकारीक पत्र सहित प्रतिनिधि पठाउन पर्नेछ ।

४. संस्थाबाट पत्राचार भईसकेपछि केही जानकारी आवश्यक परेमा संस्थाको टेलिफोन नम्बर ०५७-५३०४३६ मा कार्यालय समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

५. साधारण सभामा उपस्थित हुँदा संस्थाबाट जारि गरिएको परिचय-पत्र अनिवार्य साथमा लिएर स्वयम आउनुपर्नेछ ।

दर्ता नं. : २/१४५(१३१)०५६/०५७
पान नं. : ३०१४९८०३१

"बचत गरौं, ढुक्कले बाँचौं"

हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.
Hetauda Saving & Credit Co-Operative Ltd.
Hetauda-07, Makawanpur, Nepal
NEFSCUN

पत्र संख्या : **मिति २०८२/०८/२४**

चलानी नं. : २२८/२०८२/०८३

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु
हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.
हेटौडा ७, मकवानपूर

विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।

प्रस्तूत विषयमा मिति २०८२ मंसिर १० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको २६ औं वार्षिक साधारण सभा देहायमा उल्लेखित प्रस्ताबहरुमा छलफल गरि निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा तय गरिएको हुंदा यहांहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

प्रस्ताबहरु,

१) साधारण सभाको बैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितको लागि प्रतिनिधि चयन सम्बन्धमा ।
३) अध्यक्षज्युको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
४) सचिवज्युको वार्षिक संस्थागत प्रगति प्रतिबेदन सम्बन्धमा ।
५) कोषाध्यक्षज्युको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा प्रस्ताबित बजेट सम्बन्धमा ।
६) आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिबेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरिबेक्षण समितिको प्रतिबेदन सम्बन्धमा ।
८) ऋण उपसमितिको प्रतिबेदन सम्बन्धमा ।
९) विनियममा थप व्यवस्था तथा शंसोधन सम्बन्धमा ।
१०) आर्थिक वर्ष २०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११) शेयर लाभांश तथा संरक्षीत पुजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२) आर्थिक वर्ष २०८२/०८३ मा बजेट पारित पुर्व भएको खर्च अनुमोदन सम्बन्धमा ।
१३) लेखा सुपरिबेक्षण समिति र संचालक समितिको चयन सम्बन्धमा ।

निम्न,
मिति : २०८२ पौष २६ गते शनिबार
स्थान : नबज्योति मा.बिको प्राङ्गण हेटौडा ७, मकवानपूर
समय : बिहान १० बजेदेखि

यूवराज गौतम
सचिब

हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुरको

२६ औं वार्षिक साधारण सभामा अध्यक्ष श्री इन्द्र बहादुर बस्नेतद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

श्री आदरणीय शेयर सदस्यज्यूहरू हाम्रो यस संस्था मुख्यतया बचत तथा ऋणको कारोबार गर्ने उद्देश्यका साथ २०५६ सालमा रु २६०० सेयर रकम र २६ जना सदस्यबाट मासिक वचत रु १०० का दरले २६०० बचत जम्मा गरी डिभिजन सहकारी कार्यालय मकवानपुरमा २०५६ साल पौष ७ गते विधिवत् दर्ता भई सञ्चालन गरिएको सहकारी संस्थाले आफ्नो सदस्यहरूको चाहना अनुसार लक्ष्य निर्धारण गर्दै विभिन्न कालखण्डमा आएका विभिन्न समस्याहरूको सामना गर्दै हाम्रा सदस्यहरूको समस्यालाई संस्थाबाट हुन सक्नेसम्मको आर्थिक समस्यालाई निराकरण गर्दै आएको सबैमा सर्वविधितै छ ।

श्री आदरणीय शेयर सदस्यज्यूहरू

विगत केही दिनदेखि सहकारी संस्थाहरूमा आएका विभिन्न समस्याले गर्दा हाम्रो जस्तो समुदायमा आधारित सहकारी संस्थाहरुमा समेत नचाहिँदा हल्ला गरी बदनाम गराउने काम हुँदै आएको छ यस्तो नचाहिँदो हल्लाको पछि हाम्रा शेयर सदस्य नलागी संस्थालाई पूर्ण विश्वास गर्नुभएकै कारण आफ्नो लक्ष्यमा रही कार्य गर्न सफल भएका छौं । आगामी दिनमा पनि हाम्रो यस संस्थाका सम्पूर्ण सदस्यज्यूहरुबाट यस्तै विश्वास र सहयोग सदा रहिरहने विश्वास लिएको छु । तपाईहरुले संस्थालाई गर्नुभएकाृ बिश्वासमा कुनै कमी आउन दिने कार्य गर्ने छैन र तपाईहरुको विश्वासलाई गुम्न दिने छैनौं ।

आदरणीय शेयर सदस्यज्यूहरु,

२०५६ सालमा दर्ता भई प्रारम्भिक साधारण सभादेखि हाल २०८२ साल पौषसम्म हामीलाई निरन्तर विश्वास गर्नुभएकोमा म सम्पूर्ण शेयर सदस्यहरू प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु । अब निर्वाचित भई आउनुहुने सञ्चालक समितिलाई मेरो पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छु । साथै २६ वर्षसम्म नेतृत्व गरी रहँदा विभिन्न समयमा सञ्चालक वा लेखा समितिमा रही सही निर्णय गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पूर्व सञ्चालक लेखा समिति तथा वर्तमान सञ्चालक लेखा समिति विभिन्न उपसमिति तथा संस्थाको शेयर सदस्य एवं शुभचिन्तकहरुमा मेरो तर्फबाट सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । नवनिर्वाचित हुनुहुने अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालक लेखा समिति संयोजक तथा सदस्य विभिन्न उपसमिति संयोजक तथा सदस्यज्यूहरु लाई कार्यकाल सफलताको कामना गर्दछु । साथै हालसम्म कार्यालयमा अहोरात्र खटी दैनिक कामकाज गर्दै आउनुहुने प्रबन्धक ज्यू लगायत सम्पूर्ण विभिन्न तह र तप्कामा रही काममा अहोरात्र खटिनु हुने सम्पूर्ण कर्मचारीहरुमा मैले कामकाज गर्ने गराउने क्रममा मेरो भनाइबाट दुःख लागेको भएमा दुःख नमानी दिनु हुन हार्दिक अनुरोध गर्दछु र दुःख मान्नु हुने छैन भन्ने विश्वास लिएको छु । जय सहकारी जय हेटौडा बचत अब म गतवर्ष २०८१/०८२ सालमा गरेका कामको समीक्षा र आर्थिक वर्ष २०८२/०८३ को नीति र लक्ष्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. साधारण सभा

संस्था स्थापना भए देखिनै बर्षको एक पटक बार्षिक साधारण भेला भईरहेको ब्यहोरा अवगत गराउन चाहन्छु । गत वर्ष २०८१ पौष २० गते साभारण सभा सम्पन्न गरिएको थियो भने २५ औं वार्षीक साधारण सभा आज हुन गईरहेको छ । आगामी २७ औं वार्षिक साधारण सभा कार्यविधि निर्माण गरी प्रतिनिधि मुलक रुपमा गर्ने ब्यवस्था मिलाईने छ ।

अब म संस्थाको २०८२ आषाढ मसान्त सम्मको संक्षिप्त वित्तिय अबस्थाको बारेमा जानकारी गराउंदछु । विस्तृत जानकारी कोषध्यक्षज्युको प्रतिवेदन बाट हुनेनैछ ।

२. शेयर पुँजी र शेयर सदस्य

आ.ब २०८०/०८१ मा शेयर पुँजी ४ करोड ७८ लाख ४३ हजार ७ सय रहेकोमा आर्थिक वर्ष २०८१/०८२ मा ५ करोड २ लाख २९ हजार २ सय मात्र हुन आएको छ । त्यस्तै शेयर सदस्य बृद्धिमा गत आर्थिक बर्षमा ७१४५ जना रहेकोमा आर्थिक वर्ष २०८१/०८२ सम्ममा ७१३८ जना रहेका छन् ।

३. कोषको अबस्था

आर्थिक वर्ष २०८१/०८२ सम्म जगेडा कोषमा ४ कारोड ११ लाख ७७ हजार ४ सय २७ रुपैया २४ पैसा र अन्य कोषमा १ कारोड २४ लाख ३९ हजार ८ सय ७३ रुपैया ५८ पैसा रहेको छ । यस मध्ये संरक्षित पंजि फिर्ता कोषबाट २३ लाख ७१ हजार ६९ रुपैया पैसा ४५ र शेयर लाभाशं कोषबाट ४२ लाख ३९ हजार ४ सय ७२ पैसा १८ रकम साधारण सभा पछि केहि भाखा नाघेको ऋणलाई निश्चित दायरामा ल्याएपछि २०८३ बैशाख सम्म सदस्यहरुलाई वितरण गरिने छ ।

४. बचत

आर्थिक वर्ष २०८०/०८१ मा सबै किसिमको बचत जम्मा ५४ करोड ६० लाख २७ हजार ५० रुपैया ६८ पैषा रहेकोमा आर्थिक वर्ष २०८१/०८२ मा बचत बृद्धि भई ५९ करोड १६ लाख ६५ हजार ६ सय १८ रुपैया ११ पैसा हुन आएको छ र यस आर्थिक वर्षको लागि मासिक बचत, दैनिक बचत आवधिक बचत, पेन्सन बचत, बाल बचत, पर्व बचत, ग्रा.सु बचत, ऐच्छिक बचत, सदस्य सुरक्षण बचत, बिमा बचत, सरल आवधिक बचत, जीवन सुरक्षा बचत आदि बचत शीर्षकहरुबाट बचत संकलन गरिने छ ।

५. कर्जा लगानी र असुली

यस आर्थिक वर्ष देखि कारोबार नियमित हुने सदस्यहरुलाई व्यवसायिक प्रयोजनको निमित्त आबश्यक कागजात संलग्न गरी रु १ लाख सम्म सामुहिक जमानीमा कर्जा लगानी गर्ने नीति लिएको छ । साथै यस आर्थिक बर्षको कर्जा लगानी र असुली ऋण उप मितिको प्रतिबेदनबाट अवगत हुनेनै छ ।

६. कर्जा सुरक्षण

कर्जा सुरक्षणमा यस आर्थिक वर्ष सम्म रु ३१ लाख ७० हजार ६ सय ७६ रुपैया २५ पैसा रहेको छ भने नियमित रुपमा किस्ता र ब्याज तिर्ने सदस्यको कर्जा अवधि बाकिं छदै मृत्यु हुंदा तिर्न बांकीं ऋण रु यसबाट मिलान गर्ने नीति रहेको । सामुहिक जमानीमा लगानी गरिने कर्जामा थप १% शुल्कको ब्यवस्थालाई निरन्तरता दिईएको छ ।

७. अध्ययन भ्रमण, तालिम, गोष्ठी र पुरस्कार तथा छात्रवृत्ति

यस बर्ष पनि अध्ययन भ्रमणलाई बार्षिक कार्यक्रममा समावेश गरिएको छ । साथै बिगत बर्ष देखि निरन्तर दिदैं आएको शेयर सदस्यका छोरा छोरीले प्रवेशिका बिशीष्ट श्रेणीमा उर्तिण भएमा पुरस्कारको ब्यवस्थालाई निरन्तरता दिंदै संस्थाको नीति नियम भित्र रहि अनुशासित रुपमा कारोबार गर्ने शेयर सदस्यज्युहरुलाई पनि पुरस्कृत गरिने ब्यवस्था कायमै राखिएको छ ।

८. दलित एवं समावेशीकरण

संस्थामा शेयर सदस्य समावेशीकरणको अवधारणा अन्तर्गत दलित शेयर सदस्य बन्न चाहेमा शुरुमा १ कित्ता शेयर खरिद गरी सदस्यता प्रदान गरिएको छ । साथै विगत बर्ष देखि नै संस्थाको सदस्य सरल रुपमा प्राप्त गर्न सकिएको र यो संस्था निम्न बर्गको पहुँच सम्म पुग्न सकोस भन्ने ध्येय राखी रु १,०००/बराबरको १० कित्ता शेयर खरिद गरी नयाँ सुरु शेयर सदस्य भई बचत तथा तोकिएको ऋण कारोबार गर्न सकिने कार्यकमलाई निरन्तरता दिएको छ ।

९. आकस्मीक दुर्घटना

संस्थाका शेयर सदस्यलाई आकस्मिक दुर्घटना परी अस्पतालमा भर्ना भएमा रु ४ हजार सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ । भने यस वर्ष आकस्मिक दुर्घटनामा पर्ने शेयर सदस्यहरुलाई २२ जना शेयर सदस्यहरुलाई रु ७५ हजार १ सय १५ रपैया मात्र खर्च लेखा भएको छ ।

१०. सदस्य सुरक्षण कोष

आर्थिक बर्ष वर्ष २०८१/०८२ मा सुरक्षण बचतबाट ३ लाख ४३ हजार खर्च भएको छ । यस बर्ष दिवंगत हुनुहुने हाम्रा शेयर सदस्यहरुका परिवारहरुलाई प्रति सदस्य रु. २८,००० सम्म पारिवारिक राहत वितरण गरिएको छ । आर्थिक बर्ष २०८१/०८२ मा दिवंगत हुनुहुने हाम्रा शेयर सदस्यहरु स्वर्गीय श्री बाल कुमारी दहाल, ख्या प्रसाद गौतम, भगवती कुमारी श्रेष्ठ, थिर प्रसाद पराजुली, चन्द्र बहादुर मगर, धन बहादुर पाखिन, सुन्तली विश्वकर्मा, प्रेम सिंग मान घलान, बुद्धि बहादुर तितुङ, कृष्ण बहादुर गौतम, गायत्री आत्रेय पौडेल, खडानन्द बजगाई, मोहन चन्द्र चौलागाई र सकुन्तला लामिछाने प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

११. शुन्यकरण अभियान

आर्थिक वर्ष २०८१/०८२ मा शुन्यकरण अभियान अन्तर्गत ऋणी सदस्यहरु संग फोन ताकेता, पत्राचार र घरदैलो गरि ब्याज असुल गर्ने नीति अबलम्बन गरिएकोमा आर्थिक वर्ष २०८१/०८२ मा कर्जाबाट ब्याज असुली ८ करोड ४२ लाख ५० हजार २ सय ९ रुपैया ब्याज रकम प्राप्त भई शुन्यकरण अभियानमा धेरै सदस्यहरु सहभागि हुनुभएकोछ ।

१४. सदस्य घर पहिचानको लागि हेटौडा साकोस सदस्य स्टिकर वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । चालु आर्थिक वर्षमा सबै शेयर सदस्यहरुको घरमा सदस्य पहिचान स्टिकर वितरण गरिसकिने छ ।

१५ (क) गत आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमहरु :

- रेमिटेन्स कारोबार जारी रहेको तथा रेमिट कम्पनिहरु सँग थप सम्वनय गरी निरन्तर सञ्चालनमा रहेको ।
- आकस्मिक दुर्घटनामा रुं ४,००० प्रदान गर्ने गरिएको ।

- उत्पादन मुलक कर्जामा रु ४०,००,००० सम्म र अन्य कर्जामा रु १५,००,००० लगानि भैरहेको ।
- सामुहिक जमानीको आधारमा रु.१,००,००० सम्म कर्जा लगानि गरीएको ।
- बार्षिक साधारण सभामा सदस्य सम्मान र पुरस्कृत गरिएको ।
- महिला उद्यमी कर्जा लगानी संचालन गरिएको ।
- ६७ जना महिला शेयर सदस्यहरुलाई सुत्केरी खर्च (पोषण खर्च) रु. २००० का दरले रु १,३४,००० (अक्षरमा एक लाख चौतिस हजार मात्र) प्रदान गरिएको ।
- आकस्मिक कर्जा २४ घण्टा उपलब्ध गराएको ।
- सदस्यहरुको सुख दुखमा संचालक समिति कार्यक्रम कार्यान्वयनमा गरिएको ।
- संस्था संचालनको लागि आवश्यक नीति र कार्यविधि तयार गरिएको ।
- सदस्य सुरक्षण कोषको व्यवस्था गरिएको र सदस्य मृत्यु भएमा रु २८,००० सम्म दिने व्यवस्था गरिएको ।
- शेयर सदस्यको बालवालिकालाई एस.इ.इ +2 स्नातक, स्नातकोत्तर पिएचडी परिक्षामा संस्थाले तोकेको मापदण्डमा उर्तिण गर्ने सबैलाई छात्रवृतिस्वरुप पुरस्कृत गर्ने गरिएको ।
- मोबाइल बैकिङ कार्यक्रम संचालनमा रहेको ।
- एकै दिन सदस्य बन्ने दम्पतीलाई सम्मान गर्ने गरिएको ।
- विषेश परिस्थितिमा पनि अतिआवश्यक वित्तिय सेवा प्रदान गरिएको ।
- सडक दुर्घटनामा परि शेयर सदस्यको मृत्यु भएमा सुरक्षण कोष बाट प्राप्त हुने रकमको दोब्बर भुक्तानि गर्ने व्यवस्था गरिएको ।
- संस्थाको गतिविधि विश्वव्यापीकरण गर्न वेबसाईटको व्यवस्था गरेको ।
- SMS सुविधा प्रदान गरिएको ।
- रकम जम्मा गर्दा र भुक्तानी दिदा नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम गरिएको ।
- आवधिक बचतको ब्याज मासिक रुपमा भुक्तान गरिएको ।
- त्रैमासिक रुपमा बचतको ब्याज पुंजीकृत गरिएको ।
- टेलिफोन, विद्युत खानेपानी ईन्टरनेटको विल तथा मोवाईल रिर्चाजको व्यवस्था रहेको ।
- संरक्षित पुंजी फिर्ता योगदानको आधारमा वितरण गर्ने गरिएको ।
- शेयर लाभाशं वितरण गरिएको ।
- बचत वृद्वि अभियान अन्तर्गत सरल आवधिक बचत कार्यक्रम संचालनमा रहेको ।
- त्रैमासिक रुपमा ब्याज शुन्यकरण अभियानको सुरुवात गरिएको ।
- कारोबार नियमित हुने सदस्यहरुलाई रु १ लाख सम्म कर्जा लगानी गरिएको ।
- सदस्यहरुको रु. १ लाख सम्मको दुर्घटना बिमा गरिएको ।

१५ (ख) यस वर्ष सम्पन्न हुन नसकेका कार्यक्रमहरु,

१) सदस्यहरुको लागि उत्पादनशील तथा स्वरोजगार बन्ने कार्यक्रम ।
२) आवश्यकता अनुसार संचालक र कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमणको व्यवस्था ।
३) आवश्यकता अनुसार संचालक र कर्मचारीहरुलाई मात्र देश दर्शनको व्यवस्था ।
४) संस्थाको जग्गा सुरक्षित गर्न पर्खाल लगाई पार्किङको व्यवस्था ।

२६ औं वार्षिक साधारण सभा

आर्थिक वर्ष २०८१/०८२ को लागि संस्थाले अबलम्बन गरेका नीति तथा कार्यक्रमहरू

तत्कालिननीति

क) ऋण लगानी व्यवस्था तर्फ
ख) शेयर सदस्य वृत्ति बिकाश तर्फ
ग) संस्था व्यवस्थापन तर्फ

क) ऋण लगानी व्यवस्था तर्फ :

१) सदस्यहरुलाई उत्पादनशिल कर्जा दिई उत्पादन बृद्धि तर्फ प्रोत्साहन गरिने छ ।
२) एक धितो एक सदस्यलाई मात्र कर्जा लगानी गरिनेछ ।
३) धितो मुल्याङ्कन कार्यबिधीले व्यवस्था गरे अनुसार हुनेछ ।
४) असल ऋणीहरुलाई आवश्यक प्रकृया पुरा गरि लगानिको व्यवस्था गरिने छ ।
५) सदस्य भएको ३ महिना पछि मात्र ऋण लगानीको व्यवस्था गरिएको छ ।
६) सदस्यहरुलाई कर्जा लगानि गर्दा निम्नानुसारको व्यवस्था अनिवार्य गरिएको छ ।
क) सदस्यको आवश्यक्ता
ख) सदस्यको व्यवसायीक क्षमता
ग) सदस्यको स्रोत बिश्लेषण
घ) ऋण विभागबाट अनुगमन प्रतिबेदन
ङ) सदस्यको व्यवसायको सम्भाव्यता परिक्षण
च) अन्य आवश्यक कागजातको परिक्षण
छ) कर्जा सदुपयोगिता अध्ययन गरिने छ ।
७) आकस्मिक उपचार कर्जा सेवा २४ सै घण्टा खुल्ला रहने छ साथै ६० दिन भित्र ऋण चुक्ता गरेमा ब्याज तथा अन्य शुल्क नलाग्ने व्यवस्था गरिएको छ ।
८) उपचार कर्जामा २% ब्याज छुट हुने व्यवस्था कायमै राखिएको छ ।
९) मासिक रुपमा ऋणको ब्याज मात्र भुक्तानी गर्नेलाई निर्धारित ब्याजमा २% थप गरि बुझाउने व्यवस्था कायमै राखिएको छ । २०८२ श्रावण देखि लगानी भएको कर्जामा यो व्यवस्था लागु नहुने ।
११) सदस्य भएको ३ महिनापछि १ बर्ष सम्मको अवधिमा बचत नियमित भएमा सदस्य जमानिको आधारमा रु ५०,०००/- र एक बर्ष अबधि पुरा गरेका सदस्यहरुलाई सदस्य जमानिको आधारमा दोस्रो पटक कर्जा दिंदा कारोबार नियमित भएमा मात्र रुं १,००,००० सम्म लगानि गरिने र जमानीलाई अझ बढि जिम्मेवार बनाइने छ ।
१२) सामुहिक जमानीमा लगानि गरिने कर्जालाई १% थप शुल्क लिई कर्जा सुरक्षण कोषको व्यवस्था गरिनेछ ।
१३) ऋण लिंदाको बखत ऋण नीतिले तोके बमोजिम बचत र शेयर अनिबार्य थप गर्नुपर्ने व्यवस्था गरिएको छ ।
१४) सामुहिक फर्म दर्ता गरि ब्यवसाय गर्ने सदस्यहरुलाई धितो लिई १ करोड सम्म ऋण लगानि गरिनेछ।
१५) उत्पादन मुलक कर्जा ४० लाख सम्म लगानि गरिने छ । र अन्य क्षेत्रमा रु १५ लाख सम्म लगानिको व्यवस्था गरिएको छ ।

१६) धन जमानिको आधारमा ९०% सम्म कर्जा लगानी व्यवस्था कायमै राखिएको छ ।
१७) ऋण विभागको सिफारिसमा १० लाख सम्मको ऋण, कर्जा व्यवस्थापन कमिटीबाट स्विकृत गरी लगानि गर्ने व्यबस्था कायमै राखिएको छ ।
१८) बिनियम बमोजिम हर्जाना व्यवस्था कायमै राखिएको छ ।
१९) कर्जा असुली व्यवस्था समय अनुकुल परिमार्जन गरि तदारुकता अपाइनेछ ।
२०) लक्ष्य अनुसार सावा र ब्याज असुलि गर्न ऋण विभाग र कर्मचारीहरु लाई सकृय अवस्थामा परिचालन गरिनेछ ।
२१) ३ महिना सम्म पनि ऋणि सदस्यहरु ब्याज ,साँवा तिर्न नआएमा टेलीफोन पत्राचार, र घरदै लो जानुपरेमा दोस्रो पटक सम्म तपशिल बमोजिम थप शुल्क नलिने त्यसपछि अनिवार्य रुपमा तपशिल बमोजिमको थप शुल्क लागु गरिएको छ ।

तपशिल,

क) टेलिफोन प्रत्येक पटक रु १००
ख) पत्राचार प्रत्येक पटक रु ३००
ग) घरदैलो प्रत्येक पटक रु ५००

२२) नियमित किस्ता र ब्याज तिर्ने ऋणी सदस्यहरुलाई निर्धारित ब्याजमा १ प्रतिशत ब्याज छुट प्रदा नगरिने छ ।
२३) सबै प्रकारका कर्जा लगानि गर्नु पुर्व ५ सि को अनिवार्य बिश्लेषण पछि मात्र कर्जा लगानि गरिने छ ।
२४) घर निर्माण कर्जा रु २५ लाख सम्म लगानि गरिने छ ।
२५) १ सदस्य १ ऋणमा मात्र जमानी बस्ने व्यवस्था कायम गरिएको छ ।

ख) शेयर सदस्य वृत्ति बिकाश तर्फ :

१) सहकारी शिक्षा शिविर आयोजना गरि वित्तिय साक्षरता प्रदान गरिने छ ।
२) सदस्यको सुख दुखमा सहकारी र संचालक समिति कार्यक्रम निरन्तर संचालन गरिने छ
३) जेष्ठ नागरिक संग मनका कुरा संस्थासंगको कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
४) सदस्यहरुको मागको आधारमा सिपमुलक तालिम संचालन गरिने छ ।
५) सदस्यहरुको लागि व्यबसायिक तथा स्वरोजगार बन्ने कार्यक्रम संचालन गरिने छ ।
६) विभिन्न विधाहरुमा सदस्य सम्मान पुरस्कार र छात्रवृत्ति प्रदान जारी रहने छ ।
७) प्रत्येक विधाबाट पुरस्कृत एक एक जना सदस्य लाई अध्ययन भ्रमणमा समावेश गर्ने नीति लिइएको छ ।
८) जेष्ठ सदस्यलाई तिर्थाटनको व्यवस्था मिलाइएको छ ।
९) सेयर सदस्यहरुको रु १ लाख सम्मको दुर्घटना बिमालाई निरन्तरता दिएको छ ।
१०) शेयर सदस्य प्रवेश र बाहिरीने नीति कायमै राखिएको छ ।
११) सदस्यहरुलाई शेयर लाभाश तथा अन्य सुबिधा ऐन नियम र निर्देशन अनुसार हुनेछ ।
१२) सदस्य तथा सदस्य परिवार लाई आकस्मिक दुर्घटना सहयोग कार्यकम कायमै राखिएको छ ।

ग) संस्था व्यवस्थापन तर्फ :

१) खुल्ला सदस्यलाई निरन्तरता दिइने व्यवस्था कायमै राखिएको छ ।

२) एक घर एक सदस्य कार्यक्रमलाई निम्नानुसार संचालन गरिने छ ।

क) कार्यक्षेत्र भित्र भेटघाट कार्यक्रम संचालन गरिने छ ।

ख) सहकारीमा सदस्य बन्न कार्यक्रमको जानकारी सहित प्रेरित गरिने छ ।

ग) संस्थाको कार्यक्षेत्र भित्रको टोलमा संस्थाको विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने छ ।

३) नया थप शेयर सदस्यहरुको घर पहिचानको लागि हेटौडा साकोस सदस्य स्टिकर वितरण गरिने छ।

४) एकै दिन दम्पतिले सदस्यता ग्रहण गरेमा (सदस्य बनेमा) बार्षिक साधारण सभामा समान गरिने छ।

५) नियमित कारोवार गर्ने सदस्यहरुलाई भुक्तानि पुर्जा मार्फत भूक्तानिको व्यवस्था गरिएको छ ।

६) संस्थाको कार्यक्षेत्र भित्र बसाई सरि आउने परिवारलाई पहिचानको आधारमा सदस्य बन्न आउदा स्वागत तथा सम्मान गरिने छ ।

७) इच्छुक शेयर सदस्यहरुलाई एस एम एस सहकारी कार्यक्रम संचालनलाई निरन्तरता दिइएको छ।

८) संस्थाले गरेको आर्थिक कारोवार प्रत्येक महिनाको ७ गते भित्र सुचना बोर्डमाउल्लेख गरि जानकारी गराइने छ ।

९) त्रैमासिक समिक्षा बैठक आयोजना गरिने छ ।

१०) कारोवार प्रमाणित गर्नु पर्नेको हकमा ०.५० प्रतिशत प्रक्रियागत शुल्क लाग्ने छ ।

११) सहकारीमा रकम जम्मा गर्दा र निकाल्दा नेपाल राष्ट्र बैङ्कले तोकेको सिमा अनुसार मात्र कारोबार गरिने छ ।

१२) संचालक समितिको निणर्य अनुसार दैनिक बचत संकलन गर्दा मोवाइल एप प्रयोग गरिने छ।

१३) नीति कार्य विधिहरु संस्थाको आवश्यकता अनुरुप निर्माण तथा परिमार्जन गरिने छ ।

१४) संस्था र संस्थामा कार्यरत कर्मचारी हरुको साझेदारीमा रु ५,००,००० (पांच लाख) सम्मको जिवन बिमा वा जिवन सुरक्षा बचत कार्यक्रम मध्ये कुनै एकलाई निरन्तरता दिइएको छ ।

१५) समिति तथा उप समितिहरुको सुविधा कार्यक्रममा व्यवस्था गरे अनुसार गरिने छ ।

१६) आन्तरिक तथा बाह्य सहकारी अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

१७) आवश्यकता अनुसार संचालक र कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमणको व्यवस्था मिलाईने छ ।

१८) लक्ष्मी पुजा तथा संस्था स्थापना दिवस विभिन्न कार्यक्रम गरि मनाइने व्यवस्था गरिएको छ।

१९) तिज विशेष कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२०) बाल बचत कर्ताको लागि विविध कार्यक्रम संचालन गरिने छ ।

२१) रेमिटको कारोबार गर्न अन्य आवश्यक रेमिट कम्पनिहरु संग सम्झौता गरि सदस्यहरुलाई सेवा प्रदान गरिने छ ।

२२) आवधिक बचतको ब्याज मासिक रुपमा भुक्तानिको व्यवस्था गरिएको छ ।

२३) त्रैमासिक रुपमा बचतको ब्याज पुजिकृत गरिने छ ।

२४) मोवाइल बैकिङ सेवा संचालनलाई निरन्तरता दिईएको छ ।
२५) सामाजिक उत्तरदायिव बहन गर्न "सामाजिक बचत"कार्यक्रम कार्यविधि अनुरुप लागु हुने गरि सबै सदस्यहरुलाई अनिवार्य लागु गरिएको छ ।
२६) बचत र कर्जाको ब्याज दर लाई समयानुकुल संचालक समितिको निर्णय अनुसार फेरबदल गरिने छ ।
२७) शेयर सदस्यहरुलाई घातक रोग लागि बिरामी हुंदा अस्पतालमा भर्ना भई उपचार गर्नु परेमा डाक्टरको सिफारिस र बिलको आधारमा रु. १०,००० सम्म संस्थाबाट भुक्तानि दिने व्यवस्था गरिएको छ ।
२८) सडक दुर्घटनामा परि शेयर सदस्यको मृत्यु भएमा सदस्य सुरक्षण कोष बाट प्राप्त हुने रकमको दोब्बर भुक्तानिको व्यवस्था गरिएको छ ।
२९) उमेरको कारण सदस्य सुरक्षण कोषमा सहभागि नहुने सदस्यहरुको मृत्यु भएमा रु. ७००० आर्थिक सहयोग प्रदान गरिने छ ।
३०) सुत्केरि सदस्यलाई रु.२००० पोषण खर्च वापत प्रदान गरिने छ ।
३१) प्रत्येक बर्ष विद्यार्थीहरुलाइ उच्च शिक्षा सम्वन्धि छात्रवृत्ति प्रदान गरिने छ ।
३२) नियमित मासिक बचतको हकमा रु २५,०००/- पुगेपछि रु १०,०००/- खातामा राखी बाँकि रकम मात्र बचत फिर्ता गरिने छ ।
३३) संरक्षित पुजी फिर्ता कोष योगदानको आधारमा फिर्ता गरिनेछ ।
३४) लखपति बचत योजनालाई निरन्तरता दिईनेछ ।
३५) सल्लाह र सुझावको लागि हेल्लो सदस्य कार्यक्रम संचालमा यथावत राखिनेछ ।
३६) संस्थाको जग्गा सुरक्षित गरिने छ। पर्खाल निर्माण गरि पार्किङको व्यवस्था गरिनेछ ।
३७) "आफ्नो लागि आफै गरौं अर्काको भर नपरौं" अभियान अर्न्तगत सरल आवधिक बचत योजनालाई निरन्तरता दिईएको छ ।
३८) जिवन सुरक्षा बचत संचालनमा ल्याइने छ ।
३९) युवा तथा खेलकुद उपसमितिलाई समय अनुसार जिम्वेवारी प्रदान गरि परिचालन गरिने छ ।
४०) संस्थाबाट उपलब्ध हुने सेवा सुबिधाहरु लिन नियमित मासिक कारोबार अनिवार्य गरिएको छ ।

आ.ब २०८२/२०८३ को लागि प्रतावित थप नीतिहरु

१) छोटो अवधिको आवधिक बचत कार्यक्रमलाई निरन्तरता दिइने छ ।
२) सेवा केन्द्र संयोजकहरुलाई इन्धन एंव संचार सुविधा व्यवस्था गरि लागु गरिएको छ ।
३) महिला उद्यमी कर्जालाई निर्धारित ब्याजमा २% छुट (कर्जा सदुपगोगिता अध्ययन गरि) प्रदान गरिएको छ । (नियमित किस्ता भुक्तान गरेमा मात्र)
४) कृषि कर्जामा सहकारीको तर्फबाट निर्धारित ब्याजमा २% छुट (कर्जा सदुपगोगिता अध्ययन गरि) प्रदान गरिने छ । (नियमित किस्ता भुक्तान गरेमा मात्र)
४) ल्याब सेवा सहित विभिन्न रोगको विषेशज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रमको आयोजना गरिने छ ।

५) ७० वर्ष भन्दा माथिका जेष्ठ सदस्यहरुको आबधिक बचतको मासिक रुपमा प्राप्त हुने ब्याज सदस्यहरुले चाहेमा घरदैलोमै गएर बुझाउने व्यवस्थालाई निरन्तरता दिएको छ ।

६) धितो रोक्का गरि लगानि गरिने कर्जाहरु संस्थाको मुख्य कार्यलयबाट मात्र गरिने व्यवस्था कायमै राखिएको छ ।

७) क्षेत्रगत रुपमा वार्षिक साधारण सभा गरिनेछ ।

८) यस बर्ष शेयर लाभांश र संरक्षीत पुंजी फिर्ता को रकम रु २५ हजार नपुग्ने सदस्यहरुको शेयर रकममा थप गरिने छ ।

९) ऋणी सदस्य संगको संम्झौता अनुसार ऋण लिएका सदस्यहरुको खाताबाट किस्ता तथा ब्याज मिलान गर्ने अधिकार ऋण विभागमा निहित रहने छ ।

१०) आबधिक बचत बाट ऋण लिने सदस्यहरुको ऋणको सावा र ब्याज आबधिक बचत बराबर भएमा ऋण राफसाफ गर्ने अधिकार ऋण बिभागमा रहने छ ।

११) आबधिक बचतको सम्झौता अबधि पुरा भई सदस्य आबधिक बचत नबिकरण नभएमा निजको बचत ऐच्छिक बचतमा जम्मा गरिने छ ।

१२) घरदैलो ब्याज भुक्तानी,

१३) मुख्य कार्यलयबाट मात्र ठुला कर्जा लगानि,

१४) क्षेत्रगत वार्षिक साधारण सभा,

१५) ऋण बिभागबाट सदस्यको खाता खर्च लेखि ऋण मिलान,

१६) ऋण राफसाफ गर्ने अधिकार ऋण बिभागमा,

१७) सम्झौता सकिएका आबधिक बचतको ब्याज ऐच्छिक सरह,

१८) कर्मचारी निबृत्त सुबिधा सामाजिम सुरक्षा कोषमा,

१९) अति समस्या ग्रस्त कर्जा एस बर्ष असुली गरि सक्ने,

२०) नीति तथा कार्यविधिहरुको निमार्ण,

२१) असर ऋणी सुरक्षा तथा सम्मान सम्मेलनको आयोजना,

२२) युवा लक्षीत विषेश कार्यक्रम,

२३) अनियमित ऋणी सदस्यहरुलाई मासिक किस्ता र ब्याज भुक्तानीको लागि विषेश, ताकेता

इन्द्र बहादुर बस्नेत
अध्यक्ष

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुरको

२६ औं वार्षिक साधारण सभामा आर्थिक वर्ष २०८२/०८३ को सचिब श्री युवराज गौतमद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन ।

आज हामी संस्थाको २६ औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । संस्थाको सदस्य भएका नाताले आफ्नो व्यस्त समयका बाबजुद पनि हाम्रो निमन्त्रणलाई स्विकार गरि २६ औं वार्षिक साधारण सभालाई सम्पन्न गर्न पाल्नु भएका आदरणीय शेयर सदस्यज्युहरु मंचआसिन आजका सभाका अध्यक्षज्यु, पदाधिकारीज्युहरु संचालक सदस्यज्युहरु, लेखासुपरिबेक्षण समितिका सदस्य एंवम् विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, पुर्व संचालकज्युहरु, कानुनी सल्लाहकारज्यु, शेयर सदस्यज्युहरु र कर्मचारी साथीहरु लगाएत सबैमा हार्दिक स्वागत एंवम् सहकारी अभिबादन ब्यक्त गर्दछु ।

स्थानिय स्तरमा छरिएर रहेको सानो सानो बचतलाई एकिकृत र परिचालन गर्दै सदस्यहरुको बचतबाट पुंजिको निमार्ण गर्दै सदस्यहरुको आर्थिक अबस्था सुधार गर्दै परनिर्भरता बाट आत्मनिर्भरता तिर लैजाने अभिप्रायका साथ बि.स. २०५६ पौष ७ गते यस संस्थाको स्थापना भएको हो । सहकारी सिद्धान्त र मुल्यमान्यतालाई आत्म साथ गर्दै समुदायमा रहेका आफ्नो सदस्यहरुको बिचमा उत्कृष्टता हासिल भइरहेको छ । सदस्यहरुको आर्थिक बिकाशमा मात्र ध्यान नपुऱ्याएर सामाजिक सास्कृतीक क्रियाकलापको माध्यमबाट दिगोपन भएको संस्था बनाउने कामहरुलाई पनि अगाडि बढाइएको छ । संस्थाले सदस्य शिक्षा कार्यक्रम र शिपमुलक तालिममा सदस्यहरुलाई सहभागि गराउदै आईरहेको कारण र सदस्यहरुको गर्जो टार्ने मामिलामा हाम्रो संस्था सदस्यको बिचमा गौरबको रुपमा स्थापित भएको छ । सदस्यहरुको आर्थिक तथा सामाजिक गतिबिधिलाई बृद्धि गर्दै संस्थाले उत्कृष्ठ सेवा प्रबाह गर्दै अनुशासित सदस्य र दिगो सहकारी संस्था निमार्ण गर्न हामी निरन्तर लागिरहेका छौं । सदस्यहरुको आर्थिक सामाजिक रुपान्तरण सहित सुबिधा सम्पन्न वित्तिय संस्थाको रुपमा बिकाश गर्ने ।" संस्थाको परिकल्पनालाई पुरा गर्न लाग्नु हुने पुर्व संचालकज्युहरु हालको संचालक समिति,लेखा सुपरिबेक्षण समिति, बिभिन्न उपसमितिहरुका संयोजक तथा सदस्यज्युहरु, कर्मचारीहरु एंबम सहकारी अभियानमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण अभियानकर्मिहरु र सम्पुर्ण शेयर सदस्यहरुलाई हार्दिकतापुर्बक सम्मान ब्यक्त गर्न चाहन्छु ।

अब म संचालक समिति र बिभिन्न उपसमितिहरुको कामकाज र रचनात्मक क्रियाकलापहरुको विषयमा जानकारी गराउने अनुमती चाहन्छु ।

१. संचालक समिति र उपमितिको बैठक

सञ्चालक मितिको नियमित बैठक प्रत्येक महिनाको १० गते बस्ने गरेको छ । आवश्यक्ता अनुसार अन्य समयमा पनि संचालक समितिको बैठकको आयोजना गर्ने गरिएको छ । लेखा समितिको सदस्यबाट संचालक समितिलाई महत्वपुर्ण रचनात्मक सुझाबहरु प्राप्त भईरहेको छ । ऋण उपमिति तथा कर्जा ब्यवस्थापन कमिटिको बैठक ऋण मागको चाप हेरी आवश्यक्ता अनुसार बस्ने गरेको छ । महिला उप मिति, शिक्षा उप मिति र युवा तथा खेलकुद उपसमितिहरुको बैठक आबश्यकता अनुसार बस्ने गरिएको छ भने सेवा केन्द्र संचालन तथा सहयोग उपसमितिको बैठक मासिकरुपमा भईरहेको समेत अबगत गराउंदछु ।

२६ औं वार्षिक साधारण सभा

संस्थाको संचालक समितिको सक्रियताको अबस्था :

क्र.स.	पदाधिकारीहरुको नाम	पद	बैठक संख्या	उपस्थिति
१	श्री इन्द्र बहादुर बस्नेत	अध्यक्ष	१७	१५
२	श्री विजय बहादुर बस्नेत	उपाध्यक्ष	१७	५
३	श्री युवराज गौतम	सचिव	१७	१५
४	श्री पार्वती ढकाल	कोषाध्यक्ष	१७	१७
५	श्री रघु प्रसाद आचार्य	सदस्य	१७	१५
६	श्री सिताराम प्रधान	सदस्य	१७	१३
७	श्री उर्मिला चौलागाई	सदस्य	१७	१२
८	श्री सरस्वती थापा	सदस्य	१७	१६
९	श्री ध्रुव कृष्ण कुंवर	सदस्य	१७	१७
१०	श्री अम्बिका कार्की	सदस्य	१७	१५

संस्थाको दैनिक कामकाजको अबस्था र दैनिक कामकाज कर्मचारीहरुबाट भइरहेको छ। हाल कार्यालय ब्यवस्थापनमा ब्यवस्थापकबाट कार्यालय ब्यवस्थापनको काममा अगुवाई गरिरहनुभएको छ भने मुख्य कार्यालयमा लेखा बिभाग, बचत बिभाग, ऋण बिभाग, प्रशासन बिभाग लगाएत सुरक्षा शाखामा समेत विभागिय प्रमुख तथा अन्य कर्मचारी गरि ८ जनाले कार्यालय प्रमुखबाट तोकिएको जिम्वेवारी पुरा गरिरहनुभएको छ भने ३ वटा सदस्य सेवा केन्द्रहरुमा संचालक समितिको निर्णय अनुसार केन्द्रको निर्देशन बमोजिम आबश्यक कर्मचारीहरुबाट दैनिक कामकाज भइरहेको छ। भने कर्मचारी ब्यवस्थापनको बिद्यमान ब्यवस्था र अबस्था देहायबमोजिम रहेको जानकारी गराउंदछु।

क्र.स.	नाम	पद
१	श्री रिता पौडेल	का.मु. ब्यवस्थापक/प्रवन्धक
२	श्री सुशिल सुवेदी	बचत विभाग प्रमुख
३	श्री श्याम कुमार दहाल	कमाने सदस्य सेवा केन्द्र प्रमुख
४	श्री सरस्वती पाखिन	लेखा सहायक
५	श्री झुमा ढकाल लामिछाने	सेवा केन्द्र सहायक
६	श्री शोभिता अधिकारी	ऋण सहायक
७	श्री मनिषा लम्साल घिमिरे	बजार प्रतिनिधि
८	श्री पुनम गौतम	बजार प्रतिनिधि
९	श्री अरुण विश्वकर्मा	बजार प्रतिनिधि
१०	श्री आरती सार्की	बजार प्रतिनिधि
११	श्री राममाया घलान	कार्यालय सहयोगी
१२	श्री हरि बहादुर थापा	सुरक्षाकर्मी
१३	श्री कृष्ण प्रसाद अधिकारी	सुरक्षाकर्मी

२. अब म २६ औं वार्षिक साधारण सभामा सदस्यहरुको काम, कर्तब्य र अधिकारको विषयमा छोटो चर्चा तथा समिक्षा गर्न चाहन्छु ।

१) नियमित रुपमा संस्थामा उपस्थित भै नियमित कारोबार गर्ने
२) आफ्नो आर्थिक कारोबार संस्थाबाट मात्र गर्ने ।
३) सहकारी संस्थाको बिकाशमा सकारात्मक सहयोग गर्ने ।
४) साधारण सभामा उपस्थित भै सभा समापन नभएसम्म आफ्नो उपस्थिति जनाई सकारात्मक बिचार प्रबाह गर्ने ।
५) सदस्य केन्द्रित भै समुदायको हितमा अगाडि बढ्ने ।
५) उपसमितिमा रहेर संस्थाको काम काज गर्ने ।
६) संस्थाको बिकाश र दिगोपनको लागि शेयर सदस्यको कर्तब्य पुरा गर्ने ।
७) संस्थाले आयोजना गर्ने हरेक कार्यक्रमहरुमा सहभागि बन्ने ।
८) स्वयम उपस्थित भै वास्तबिक सुचना लिने र प्रबाह गर्ने ।
९) संस्थाबाट लिएको ऋणलाई सहि र पुर्ण रुपमा सदुपयोग गर्ने ।
१०) सदस्य पहिचान फारम समयमै अद्यावधिक गराउने ।
११) वार्षिक साधारण सभामा अनिवार्य उपस्थित हुने ।
१२) सहकारी ऐन नियम र विनियम, नीति तथा कार्यविधिहरुको पुर्ण रुपमा पालना गर्ने ।
१३) आफ्नो मात्र हर हिसाब हेर्न पाउने सदस्यको क्षेत्राधिकार हो ।
१५) शेयर लाभाशं र संरक्षीत पुजी फिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हो ।
१६) संचालक तथा लेखा सुपरिबेक्षण समिति चयन गर्ने ।
१७) नियमित बचत र ऋणको किस्ता नियमित भुक्तानी गर्ने ।
१८) संस्थालाई उपलब्ध गराउनु पर्ने कागजात समयमै उपलब्ध गराउने ।
१९) आफु जमानी बसेको सदस्यको ऋणको भाखा नाघे ननाघेको सुक्ष्म रुपमा बिचार गर्ने ।
२०) संस्थाको बिषयमा वास्तबिकता नबुझी गलत बिचार प्रवाह गर्नु हुदैन ।
२१) सदस्यको अधिकार अघि सारिरहंदा कतै सदस्यको कर्तब्यलाई चै ध्यान दिएनौं कि बिचार गरौं ।
२२) समय समयमा संस्थामा सर्म्पक गरि संस्थाको गतिबिधिको विषयमा जानकारी लिने ।

३. उपलब्ध बचत तथा ऋणका सेवाहरु ।

शिर्षक
नियमित मासिक बचत
बाल बचत
ऐच्छिक बचत
पर्व बचत
बिमा बचत
दैनिक बचत
जेष्ठ सदस्य बचत
आबधिक बचत ६ महिना
आबधिक बचत ९ महिना

आबधिक बचत १ वर्ष
आबधिक बचत २ वर्ष
आबधिक बचत २ वर्ष भन्दा माथि
सरल आबधिक बचत
ग्रा.सु बचत
पेन्सन बचत
संचय कोष बचत
जिबन सुरक्षा बचत
सदस्य सुरक्षण बचत
आबधिक बचत ब्याज खाता
कर्जा सुरक्षण बचत
शिर्षक
घरायसी
ब्यापार ब्यवसाय कर्जा
बैदेशिक रोजगार कर्जा
कृषि कर्जा
पशुपालन कर्जा
आकस्मिक कर्जा
शैक्षिक कर्जा
महिला उद्यमी कर्जा

४. संस्थाको छातासंगठनहरुमा आबद्धता

१) जिल्ला बचत तथा सहकारी संघ लि.मकवानपुर ।
२) बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ।
३) नेपाल बचत तथा ऋण सहकारी संघ लि. ।
४) जिल्ला सहकारी संघ लि. मकवानपुर ।
५) राष्ट्रिय सहकारी बैंक लि.

अन्त्यमा , अब म २६ औं वार्षिक साधारण सभामा आफ्नो अमुल्य समय र अतुलनीय बिचारहरु प्रबाह गरि साधारण सभालाई सफल बनाउन पाल्नुहुने सम्पुर्ण शेयर सदस्यहरुप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दै २६ औं वार्षिक साधारण सभामा प्रस्तुत भएका कार्यसुचीहरु उपर सक्रिय रुपमा छलफलमा भाग लिई आबश्यक सहयोग एंबम्र समर्थनका साथ पारित गरिदिनुहुने बिश्वासका साथ बन्दसत्रमा भेट्ने प्रतिबद्धताका साथ बिदा माग्दछु ।

जय हेटौडा बचत ,
जय सहकारी

युवराज गौतम
सचिब

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुरको

२६ औं वार्षिक साधारण सभामा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा बजेट कोषाध्यक्ष श्री पार्वती ढकालद्वारा प्रस्तुत प्रतिवेदन

२६ औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथी ज्यू, विषेश अतिथीज्यु, आमन्त्रित सम्पुर्ण अतिथीज्युहरु, सञ्चालक समिति, लेखा समिति, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, कर्मचारी मित्रहरु तथा यस २६ औं वार्षीक साधारण सभालाई सफल बनाउन आफ्नो ब्यस्त समयका बावजुद पनि २६ औं साधारणसभामा सक्रिय उपस्थिती जनाई संस्था प्रती उदार भावना राख्नुहुने आदरणीय शेयर सदस्यज्युहरुमा सहकारी अभिवादन ।

केहि बर्ष देखी आर्थिक मन्दिका कारण राष्ट्रिय रुपमा अर्थतन्त्र चलयमान भएको देखिदैन भने रोजगारी तथा उत्पादनमा पनि समस्या देखिदै आएको छ । जसका कारण नेपालीहरु बैदेशिक रोजगारी तथा उत्पादनका अन्य क्षेत्रमा लागी परेको देखिन्छ । देश भित्र घट्दो रोजगारी र बैदेशिक पलायनले गर्दा देशमा सञ्चालित ब्यापार तथा ब्यबसायमा समेत तिब्र गतिमा गिरावट आउन गई पुजीँ परिचालन भएको छैन । सहकारी क्षेत्रमा पनि आर्थिक मन्दीको प्रभाव ,ब्यापार ब्यबसायमा आएको गिरावट र बढ्दो बेरोजगारीका कारण संस्थामा सदस्यहरुले बचत गर्ने र कर्जा परिचालन गनै् क्रममा सुस्तता आएको देखिन्छ । बिगत केहि बर्ष देखी सहकारी क्षेत्रमा समेत यसको प्रभाव परेकाले सबै संस्थागत परिसुचकहरु लक्ष्य अनुसार प्रगती भएको छैन । तथापी संस्थालाई अविछिन्नता प्रदान गर्ने् र लागत दर कम गर्ने सुचकहरु जगेडा कोष अन्य कोष तरलता जस्ता सुचकहरु क्रमश : सृदृढ हुदै गएको जानकारी गराउदछु । आर्थिक बर्ष २०८१/२०८२ को बार्षिक बजेटको ७४.९५ प्रतिशत लक्ष्य हासिल गर्न संस्थालाई सफलता मिलेको छ । र कुल सम्पतीमा गत बर्षको तुलनामा ६.४० प्रतिशतले बृद्धिभएको छ । यस गरिमामय २६ औं साधारणसभामा सबै क्षेत्रको सहयोगको कारण संस्थाले गरेको उपलब्धी सहित आ.ब. २०८१/२०८२ मा भए गरेका आर्थिक झलकहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

राज्यकोषमा संस्थाले गरेको योगदान,

राज्यकोषमा संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न शिर्षकमा बुझएको कर देहायबमोजिम रहेको छ ।

क्र.स.	शिर्षक	रकम रु.
१	आयकर	२८,५२,४५१।२८
२	शेयर लाभांश तथा संरक्षीत पुंजी फिर्ता कर	३,२२,६७५।००
३	पारिश्रमीक कर	५५,७८३।००
४	सामाजिक सुरक्षा कर	२,७०,४२९।७९
५	ब्याजकर	२९,३९,१२९।४०
६	अन्यकरहरु	२२,२९१।००
७	घर बाहाल कर (स्थानीय तहमा)	४६,५००।००
८	साधारण सभा यातायात कर	५,०६,५५०।००
	जम्मा	७०,१६,८०९।४०

२६ औं वार्षिक साधारण सभा

आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको झलक

आ.व. २०८१/०८२ को आम्दानी		आ.व. २०८१/०८२ को खर्च	
सामान बिक्री	१८,५५५/-	कर्मचारी खर्च	१,३१,५५,७०९।०९
व्याज अशुली	८,४२,५०,२०९/-	ब्याज खर्च (बचत तथा ऋण दुवैमा)	४,८४,९१,९७९।०७
लगानी बाट प्राप्त	१,३३,७८५।-	प्रशासनिक खर्च	१,१३,५३,४३७।६०
कर्जा व्यवस्थापन	३०,८०,८६८/-	ह्रास खर्च	१०,८६,५६६।८६
बैंक व्याज आम्दानी	४२,९१,२८८।४७	सम्भावित नोक्सानी व्यवस्था खर्च	५०,००,०००।-
एसएमएस सेवा	१,२७,०५०/-	ब्याज छुट खर्च	२१,०८,३४८/-
मोवाईल बैंकिङ			
हर्जना	२७,६३,६८७/-	शुद्ध बचत	१,४९,३९,१२९।९१
खाता बन्दि	६५,८००/-		
विप्रेषण बाट आम्दानी	२,१७,६७८।६४		
प्रवेश शुल्क	५७,४००/-		
अन्य आम्दानी	११,२८,८४९।४२		
जम्मा आम्दानी	९,६१,३५,१७०।५३	जम्मा खर्च	९,६१,३५,१७०।५३

खर्चको फाँटवारी

बचतमा व्याज खच : ४,८४,०४,९४५।०७
ऋणको व्याज खच : ८७,०३४।
जम्मा : ४,८४,९१,९७९।०७
कर्मचारी तलव : ८०,९७,९६८।७८
पोशाक खच : १,६०,०००।
कर्मचारी उपदानकोष खर्च : ४०,८९,६२१।३७
विदाको तलब खर्च : ६,६१,०७६।७५
कर्मचारि प्रोत्साहन खर्च
कर्मचारी स्वास्थ्य उपचार : १,१२,३७७।९८
ओभरटाईम खर्च : ३४,६६४।२१
जम्मा : १,३१,५५,७०९।०९

ह्रास खर्च : १०,८६,५६६।८६
कर्जा सुरक्षण व्यवस्था खच : ५०,००,०००।
ब्याज अनुदान खर्च : २१,०८,३४८।

कुल सम्पतिमा पुंजी तथा दायित्व र सम्पतिको अनुपात :

दायीत्व तर्फ		
पुंजी तथा दायित्व	**रकम**	**प्रतिशत**
शेयर पुंजी	५,०२,२९,२००/-	६.८३%
जगेडा कोष	४,११,७७,४२७।२४	५.०६%
अन्य कोषहरु	१,२४,३९,८७३।५८	१.६९%
बचत निक्षेप	५९,१६,५६,६१८।११	८०.५१%
अन्य गैह्र चालु दायित्य	२,२३,८३,१७८।४९	३.०४%
भुक्तानी दिनुपर्ने	१८,०६,४२४।१३	०.२४%
कर्जा नोक्सानी ब्यवस्था	१,२३,२०,३७१।७५	१.६७%
आयकर दायित्व	२८,५२,४५१।२८	०.३८%
जम्मा	७३,४८,६५,५४४।५८	१००
सम्पती तर्फ		
सम्पती तथा जायजेथा	**रकम**	**प्रतिशत**
नगद	०	
बैंक	१६,०६,७२,३४१।१५	८१.८%
लगानी हिसाब	३८,४२,४००।	०.०५२%
कर्जा लगानी	५५,६४,२६,५८०।४०	७५.७१%
स्थगन कर सम्पती	५,७७,२४७।७७	००.७८%
गैरचालु सम्पती	९,१६,३१८।०१	००.१२%
स्थिर सम्पती	८९,६४,९०३।२५	१.२१%
पाउनुपर्ने सम्पती	३४,६५,७५४।०१	०.४७%
जम्मा	७३,४८,६५,६४४।५८	१००

आदरणीय सभाध्यक्षज्यु,

अब म आर्थिक वर्ष २०८२/ ०८३ को लागि वार्षिक बजेट यस गरिमामय २६ औं वार्षिक साधारण सभामा पेश गर्ने अनुमती चाछन्छु ।

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा ७ मकवानपुर
२०८२/२०८३ को प्रस्तावित उपयोग आय

क्रं.स.	बिबरण	२०८१/८२ को	२०८२ आषाढ सम्मको	प्रगति प्रतिशत	२०८२/८३ को
		प्रस्तावित	यथार्थ		प्रस्तावित
१	माशिक बचत	१६०,०००,०००	८२,५०४,८०७।०३	५१।५७	१०५,०००,०००
२	दैनिक बचत	२२०,०००,०००	१९९०९७१९४।४	९०।५०	२००,०००,०००
३	आवधिक बचत	१९०,०००,०००	१६७,८७३,७५६।००	८८।३५	१७०,०००,०००
४	बाल बचत	१५,२५४,०००	१२,०७९,२३५।००	७९।१९	१७,०००,०००
५	ऐच्छिक बचत	४५१,२००,०००	४६०,०६२,८८२।५१	१०१।९६	५२०,०००,०००
६	सदस्य सू.बचत	१,४००,०००	३,२४४,५७०।५४	२३१।७६	१,४००,०००
७	ऋण बचत संकलन	३,५००,०००	२,६९२,६५२।००	७६।९३	४,५००,०००
८	सामाजिक बचत	७००,०००		(	७००,०००
९	बिमा बचत	७००,०००	६५२,५६६।१५	९३।२२	८५०,०००
१०	पर्व बचत	२,५००,०००	१,६९५,१४७।९२	६७८१	३,०००,०००
११	पेन्सन बचत	४,०००,०००	५,३४२,४१०।००	१३३।५६	६,०००,०००
१२	ग्रा.सू. बचत	५०,०००	३८,७३१।००	७७।४६	५०,०००
१४	रेमिट हिसाब	३००,०००,०००	१४४,२९८,५००।००	४८।१०	१५०,०००,०००
१६	ऋण अशुली	४००,०००,०००	३१८,७६६,३५३।४८	७९।६९	४००,०००,०००
१९	शेयर हिसाव	७,८००,०००	४,४३४,४००।००	५६।८५	८,०००,०००
२०	कर्जा सू.बचत	६००,०००	५३७,४११।००	८९।५७	५००,०००
२१	जेष्ठ सदस्य बचत	२,५००,०००	७,३३१,६२८।००	२९३।२७	१०,०००,०००
२२	लखपती बचत	४,५००,०००	५,७६०,१०१।००	१२८।००	६,०००,०००
२३	सरल आवधिक	४,०००,०००	८,३३७,८५२।९५	२०८।४५	९,०००,०००
२४	आबधिक बचत ब्याज	२६,०००,०००	२५,४०१,५९२।००	९७।७०	२५,०००,०००
	जम्मा	**१,७९४,७०४,०००**	**१,४५०,१५१,७९०।९५**	**८०।८०**	**१,६३७,०००,०००**

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा ७ मकवानपुर
२०८२/२०८३ को प्रस्तावित संचालन आय

क्रं.स.	बिबरण	२०८१/८२ को	२०८२ आषाढ सम्मको	प्रगति प्रतिशत	२०८२/०८३ को
		प्रस्तावित	यथार्थ		प्रस्तावित
१	सामान बिक्री	६०,०००।०	१८,५५५।००	३०।९३	३०,०००।०
२	लगानीबाट प्राप्त	५००,०००।०	१३३,७८५।००	२६।७६	५००,०००।०
३	कर्जा व्यवस्थापन	३,८००,०००।०	३,०८०,८६८।००	८१।०८	३,६००,०००।०
४	हर्जना बिलम्ब	१,५००,०००।०	२,७६३,६८७।००	१८४।२५	१,५९७,६००।०
५	खाता बन्द शूल्क	५०,०००।०	६५,८००।००	१३१।६०	१००,०००।०
६	धितो मूल्यांकन	३५०,०००।०	२३६,९००।००	६७।६९	३५०,०००।०
७	बैंक व्याज आम्दानी	४,०००,०००।०	४,२९१,२८८।४७	१०७।२८	३,०००,०००।०
८	कर्जाबाट व्याज	१०५,६००,०००।०	८४,२५०,२०९।००	७९।७८	९०,०००,०००।०
९	रेमिट कमिशन	३००,०००।०	२१७,६७८।६४	७२।५६	२५०,०००।०
१०	एस्एमएस सेवा	३००,०००।०	१२७,०५०।००	४२।३५	२५०,०००।०
११	मोवाईल बैंकिङ	५०,०००।०	(	(	५०,०००।०
१२	कर्मचारी बिमा तथा कमिसन	४०५,६००।०	४०७,२०९।००	१००।४०	४९९,२००।०
१३	प्रवेश शुल्क	१००,०००।०	५७,४००।००	५७।४०	७०,०००।०
१४	बिबिध आम्दानी	२००,०००।०	१६८,६८५।०३	८४।३४	२००,०००।०
१५	संम्रक्षीत पूजी फिर्ता	५००,०००।०	३१६,०५५।३९	६३।२१	५००,०००।०
		११७,७१५,६००।०	**९६,१३५,१७०।५३**	**८१।६७**	**१००,९९६,८००।०**

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा ७ मकवानपुर
२०८२/२०८३ को प्रस्तावित संचालन खर्च

क्रं.स.	बिबरण	२०८१/०८२को	२०८२ आषाढ सम्मको	प्रगति प्रतिशत	२०८२/८३ को
		प्रस्तावित	यथार्थ		प्रस्तावित
१	कर्मचारी तलब खर्च	९,६००,०००	८,०९७,९६८.७८	८४।३५	९,०००,०००
२	मसलन्द खर्च	५००,०००	४३०,४२७।००	८६।०९	५००,०००
३	अध्यक्ष इन्धन तथा संचार	२६०,०००	१९६,०००।००	७५।३८	२९०,०००
४	धितो मु. खर्च	२००,०००	१८४,५६०।००	९२।२८	२५०,०००
५	ले.प.खर्च	१५०,०००	१५०,०००।००	१००।००	२००,०००
६	ऋणको व्याज	२००,०००	८७,०३४।०७	४३।५२	(
७	ईन्धन खर्च	४००,०००	२६३,२५७।५१	६५।८१	३५०,०००
८	स्वास्थ्य शिविर	२००,०००	(	(	२००,०००
९	साधारण सभा खर्च	६,०००,०००	४,५८६,२१२।००	७६।४४	५,५००,०००
१०	आ.स.बिज्ञापन	६०,०००	३४,५००।००	५७।५०	५०,०००
११	अतिथी सत्कार	१३०,०००	३,९५०।००	३।०४	९०,०००
१२	टेलिफोन नेट खर्च	२५०,०००	१२०,३६७।७५	४८।१५	२५०,०००
१३	आकश्मिक दुर्घटना	१२०,०००	७५,११५।००	६२।६०	१२०,०००
१५	आन्तरिक लेखा परिक्षण	१००,०००		(	१००,०००
१६	बैठक खर्च	५५०,०००	३५९,५००।००	६५।३६	५५०,०००
१७	बिबिध खर्च	१२५,०००	६०,१८५।००	४८।१५	१२५,०००
१८	सूत्केरि पोषण खर्च	२५०,०००	१३४,०००।००	५३।६०	२००,०००
१९	ऋण अशुली खर्च	३८०,०००	३६०,३४०।००	९४।८३	४५०,०००
२०	बचतमा व्याज खर्च	६५,०००,०००	४८,४०४,९४५।००	७४।४७	५०,०००,०००
२१	जोखिम व्यहोर्ने	१,०००,०००	५,०००,०००।००	५००।००	१,५००,०००
२२	कर्मचारी प्रोत्साहन	६५०,०००		(	६५०,०००
२३	सामान खरिद				
२४	अध्ययन भ्रमण	३००,०००	१६०,०००।००	५३।३३	४००,०००
२५	पत्रपत्रीका	१०,०००	(	(	१०,०००
२६	मर्मत खर्च	१४०,०००	८६,६१४।००	६१।८७	१४०,०००
२७	यातायात फिल्ड	३०,०००	३७,३००।००	१२४।३३	३०,०००
२८	सहकारी शिक्षा	१२०,०००		(	१२०,०००
२९	कर्मचारी पोशाक	२००,०००	१६०,०००।००	८०।००	२००,०००
३०	बिद्युत खानेपानी	२००,०००	२२५,२९३।२०	११२।६५	२५०,०००
३१	खाजा खर्च	२९०,०००	२६३,२८०।००	९०।७९	२९०,०००
३२	दैनिक भ्रमण यातायात	३५,०००	११,३३५।००	३२।३९	६०,०००
३३	भैपरि आउने	८०,०००	४०,७२५।००	५०।९१	६०,०००
३४	ह्रास कट्टी खर्च तथा सम्पती पुर्न ह्रास कट्टी खर्च	१,४००,०००	१६,७३,७१२।१५	११९।५५	१,५००,०००
३५	कर्मचारी उपदान	१,३००,०००	४,०८९,६२१।३७	३१४।५९	१,५००,०००

३६	वार्षिक नविकरण	५०,०००	२१,४३५।००	४२।८७		५०,०००
३७	विभिन्न कार्यक्रम	७५,०००	२९,१००।००	३८।८०		७५,०००
३८	तिर्थाटन खर्च	१५०,०००		(		१५०,०००
३९	स्थानिय संस्था अवलोकन	१५०,०००	(	(		१००,०००
४०	संस्थासंग मनको कुरा	५०,०००	९९,४१४।००	१९८।८३		१५०,०००
४१	तिज विशेष	३००,०००	२९६,३९६।००	९८।८०		३००,०००
४२	युवा तथा खेलकुद कार्यक्रम	५००,०००	(	(		२००,०००
४३	स्थापना दिवस खर्च	१५०,०००	७४,२४५।००	४९।५०		१००,०००
४४	लक्ष्मी पुजा खर्च	३०,०००	१७,९५०।००	५९।८३		२५,०००
४५	सामाजिक उत्तरदायित्व	५०,०००	२०,०००।००	४०।००		
४६	बाल कार्यक्रम	२५०,०००	२४९,२९०।००	९९।७२		२५०,०००
४७	सुद्ध बचत	१७,३३५,६००	१,४९,३९,१२९।९१	८६।१७	१५,४३०,८००	
४८	सेवा केन्द्र	३०,०००	५३,०००।००	१७६।६७		३०,०००
४९	कानुनी परामर्श सेवा	६०,०००	४८,०००।००	८०।००		६०,०००
५०	पदपुर्ति खर्च	५०,०००	(	(		५०,०००
५१	छात्रवृत्ति	१५०,०००		(		२००,०००
५२	ओ.टी. खर्च	१००,०००	३४,६६४।२१	३४१६५		१५०,०००
५३	समिक्षा गोष्ठि	९०,०००	५१,३७०।७०	५७०८		१००,०००
५४	विदा खर्च	७००,०००	६६१,०७६।७५	९४।४४		७००,०००
५५	सफ्टवेयर अपडेट खर्च	३०,०००	२०,३४०।००	६७८०		४०,०००
५६	कोषाध्यक्ष इन्धन	८४,०००	७८,०००।००	९२।८६		९०,०००
५७	विपत राहत खर्च	५०,०००	(	(		५०,०००
५८	सदस्य स्वास्थ्य घातक रोग उपचार खर्च	१५०,०००	२०,०००।००	१३।३३		१००,०००
५९	बिमा प्रीमियम खर्च	८५०,०००	८५७,५९२।००	१००।८९		१,०५०,०००
६०	सञ्चालक क्षमता अभिबृद्धि	१५०,०००	(	(		१५०,०००
६१	बैंक खर्च	५,०००	४,५६२।४०	९१।२५		६,०००
६२	सदस्य बिमा खर्च	१,५००,०००	(	(		१,५००,०००
६३	संस्था सुपरिवेक्षण क्रय्स खर्च	७५,०००	(	(		७५,०००
६४	डुवानी हिसाब	५,०००	(	(		५,०००
६५	ब्याज अनुदान	१,५००,०००	२,१०८,३४८।००	१४०।५६		२,५००,०००
६६	घर भाडा	६५०,०००	५१२,२२६।००	७८।८०		५००,०००
६७	कर्मचारी औषधोपचार	१,३००,०००	११२,३७७।९८	८।६४		१,०००,०००
६८	सपदबेयर तथा डाटा होस्टीङ र जडान खर्च	२५०,०००	१५०,४३०।००	६०।१७		२५०,०००
७१	सेवा केन्द्र संयोजक इन्धन तथा संचार खर्च	२१६,०००	७२,०००।००	३३।३३		१६८०००
७२	मि.पि.एन खर्च (मोबाइल बैंकिंग सहित	२५०,०००	१९२,१००।००	७६।८४		३५०,०००
७३	तालीम खर्च		३५,८८०।००			१२५,०००
७४	एस एम एस खर्च	१५०,०००	८०,०००।००	५३।३३		१५०,०००
		११७,७१५,६००	**९६,१३५,१७०।५३**	**८१।६७**		**१००,९९६,८००**

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा ७ मकवानपुर

२०८२/२०८३ को प्रस्तावित उपयोग खर्च

क्रं.स.	बिबरण	२०८१/८२ को	२०८२ आषाढ सम्मको	प्रगति प्रतिशत	२०८२/०८३ को
		प्रस्तावित	यथार्थ		प्रस्तावित
१	लगानी हिसाव	३००,०००	१००,०००।००	३३।३३	१००,०००
२	कर्जा लगानी	४८०,०००,०००	३२३,००५,०००।००	६७।२९	४२०,०००,०००
३	माशिक बचत फिर्ता	१८०,०००,०००	८०,३७५,१९२।०१	४४।६५	१२३,७८९,०००
४	दैनिक बचत फिर्ता	१९०,०००,०००	१९,६९,३६,२५५।१६	घख्वैरभ्ज्ञ	१९०,०००,०००
५	आवधिक बचत फिर्ता	१८०,०००,०००	१६१,५६७,२१६।०६	८९।७६	१८०,०००,०००
६	बाल बचत फिर्ता	७,०००,०००	५,९७७,००८।००	८५।३९	८,५००,०००
७	ग्रा.सू.फिर्ता	२१९,५००	१९७,८५५।००	९०।१४	३५५,५००
८	शेयर फिर्ता	२,०००,०००	२,०४८,९००।००	१०२।४५	३,०००,०००
९	सम्पत्ती सामान	५००,०००	(	(	३००,०००
१०	रेमिट हिसाव	३००,०००,०००	१४४,२९८,५००।००	४८।१०	१५०,०००,०००
११	ऋण भुक्तानी	१६,४६४,५००	१६,४५५,७६३।४९	९९।९५	
१२	पर्व बचत फिर्ता	१,५००,०००	१,६४४,२५७।००	१०९।६२	२,५००,०००
१३	ऐच्छिक बचत फिर्ता	३९०,०००,०००	४४५,३६९,८४३।९८	११४।२०	५००,०००,०००
१४	पेन्सन बचत फिर्ता	७००,०००	२००,१३३।००	२८।५९	२,०००,०००
१५	दैनिक ऋण बचत फिर्ता	३,५००,०००	२,७१३,४०९।००	७७।५३	४,५००,०००
१६	भवन,पर्खाल,शौचालय	१,३००,०००	३३६,९७५।००	२५।९२	१,५००,०००
१७	बिमा बचत फिर्ता	५२०,०००	७१९,३२६।००	१३८।३३	९००,०००
१८	कर्जा सूरक्षण बचत फिर्ता	५००,०००	५३,६९०।००	१०।७४	५००,०००
२२	स.सु बचत फिर्ता	२,५००,०००	३,४२१,७४१।९१	१३६।८७	२,५००,०००
२३	सफ्टवेयर	५००,०००		(	७००,०००
